# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

आगामी वर्षको बजेटमा समावेश गरिनुपर्ने आर्थिक, मौद्रिक तथा बैंकिङ क्षेत्रका विषयवस्तु सम्बन्धमा छलफल गर्न नेपाल राष्ट्र बैंकले वैशाख ६ गते केन्द्रीय कार्यालय बालुवाटारको सभाहलमा एक अन्तरक्रिया कार्यक्रमको आयोजना गऱ्यो ।

अन्तरक्रिया शुभारम्भ गर्दै नेपाल राष्ट्र बैंकका कायममुकायम गभर्नर श्री महाप्रसाद अधिकारीले सरकारलाई बजेट निर्माणमा सहयोग गर्ने केन्द्रीय बैंकको दायित्व भए अनुरुप आगामी बजेटमा समेट्नु पर्ने आर्थिक, मौद्रिक तथा वित्तीय क्षेत्रका मुद्दाका सम्बन्धमा सरोकारवालाहरूसँग छलफल गरी सल्लाह र सुझाव सङ्कलन गर्न अन्तरक्रिया आयोजना गरिएको बताउनुभयो ।

कार्यक्रममा देशको आर्थिक स्थितिको चर्चा गर्दै कायममुकायम गभर्नर श्री अधिकारीले प्राप्त पछिल्लो आर्थिक परिसूचकहरूले राष्ट्रिय अर्थतन्त्र सन्तोषजनक रहेको नदेखाएको बताउनुभयो ।

उहाँले भन्नुभयो, 'तल रहनुपर्ने आर्थिक परिसूचक उकालो लागिरहेको अवस्था छ भने माथि रहनुपर्ने परिसूचक ओरालो लागिरहेको छ ।' राष्ट्रिय अर्थतन्त्रमा देखा परेका समस्या समाधानका लागि अर्थतन्त्रसँग सम्बद्ध सबै पक्ष समन्वय र सहकार्य गरेर अघि बढ्नुको विकल्प नभएको उहाँको धारणा थियो ।



अन्तरक्रियामा नेपाल उद्योग वाणिज्य महासंघका प्रतिनिधि श्री जगदीशप्रसाद राठीले बैंकिङ क्षेत्रको तरलता सङ्कट उद्योगी तथा व्यापारीहरूको एक प्रमुख समस्याको रूपमा देखा परेको बताउनुभयो । विगत केही वर्षदेखि शिथिल बन्दै गएको नेपाली अर्थतन्त्रमा अबको एक वर्षभित्र सुधार हुन नसके अर्थव्यवस्था नै तहसनहस हुनसक्ने सम्भावना रहेको उहाँले बताउनुभयो ।

नेपाल बैंकर्स एसोसियसनका अध्यक्ष श्री अशोक राणाले मुद्रा शुद्धीकरण निवारण ऐन तथा नियमका विद्यमान व्यवस्था केही खुकुलो बनाउनुपर्ने धारणा राख्नुभयो । आजको प्रतिस्पर्धात्मक वित्तीय बजारमा स्प्रेड दरमा नियमन व्यवस्था लागु गरिनु व्यावहारिक नहुने बताउनुभयो ।

अन्तरक्रियामा नेपाल चेम्बर अफ कमर्स, नेपाल रेमिटर्स एसोसियसन, नेपाल ट्राभल्स एण्ड टुर्स एजेन्ट्स एसोसियसन, नेपाल पश्मिना संघ, नेपाल कार्पेट संघ, नेपाल सुनचाँदी व्यवसायी संघ, नेपाल विकास बैंक संघ, नेपाल वित्त कम्पनी संघ र नेपाल लघु वित्त विकास बैंक संघका प्रतिनिधिहरूले आ-आफ्नो धारणा प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रमको अन्तमा कायममुकायम गभर्नर श्री अधिकारीले अन्तरक्रियामा सहभागीहरूबाट महत्वपूर्ण सुझाव प्राप्त भएको उल्लेख गर्दै ती सुझावहरू सरकारलाई केन्द्रीय बैंकको तर्फबाट प्रस्तुत गरिने पूर्वबजेट प्रतिवेदनमा समेट्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

**गभर्नरको कार्यालय**